# रौतामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं. प्रदेश, नेपाल

प.सं.: ०७६/७७
च.नं.:

## एच.डि.पि.तथा जि.आई. पाईप सप्लाई सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना।

**प्रथम पटक प्रकाशित मिति :- २०७६।०९।०९**

यस कार्यालयद्वारा विभिन्न खानेपानी योजनाहरुको लागि आवश्यक विभिन्न साइजको एच.डि.पि.तथा जि.आई. पाईपहरु खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट सो कार्यको लागि इजाजत प्राप्त नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त उल्लेखित फर्महरुबाट निम्न शर्तहरुको अधिनमा रही दरभाउपत्र आव्हान गरिएको छ।

१. दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन (कार्यालय समयमा) भित्र माथि उल्लेख भए बमोजिम (पछि फिर्ता नहुने गरी) यस कार्यालयको राष्ट्रिय वाणिज्य बैक गाईघाट स्थित रहेको संचितकोष खाता न.२०९०३०४०१८१०४ मा बुझाएको नगदी रसिद वा बैंक भौचरका साथ आ.व. ०७५/०७६ सम्मको नवीकरण भएको फर्म वा कम्पनीको इजाजतपत्र र आयकर दर्ता प्रमाण पत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र आ.व. ०७५/०७६ सम्मको आयकर चुक्ताको प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी इच्छुक फर्म वा कम्पनीहरुबाट वा निजको आधिकारिक प्रतिनिधिले कार्यालय समयभित्र यस कार्यालय बाट खरिद गर्न सक्नेछ।

२. खरिद भएका दरभाउपत्रहरुको प्रत्येक पानामा सही छाँप र शिलबन्दी गरी खामवाहिर फर्मको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्न सकिनेछ। तोकिएको मिति तथा समय भन्दा पछि बुझाएको दरभाउपत्र स्वीकार गरिने छैन।

३. प्राप्त भएका दरभाउपत्रहरु १६ औं दिन अपरान्ह २.०० बजे उपस्थित भएका दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ। दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पुग्ने छैन।

४. दर्ता गर्न ल्याइएका दरभाउपत्र को खाममा दरभाउपत्रदाताको नाम , ठेगाना र ठेक्का नं. स्पष्ट संग लेखिएको हुनुपर्नेछ।

५ धरौटी रकम यस कार्यालयको गाईघाट स्थित रा.बा. बैंक धरौटी खाता नं. ग २०९०३०३००७१०४ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ।

६. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट तत् तत् समयमा गरिने छ।

७. दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसँग उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

८. कुनै कारण जनाई वा निजनाई ठेक्का स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। दरभाउपत्र पेश गर्दा दरभाउपत्र दाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुने छैन। शर्त सहितको दरभाउपत्रलाई बदर मानिनेछ। साथै रीत नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन।

९. ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिति स्वीकार्य हुने छैन। ठेक्का सम्बन्धमा कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानून, ऐन, नियमको परिधि भित्र रही यस कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ।

१०. यस कार्यालयको छाप र कार्यालयबाट प्रमाणित नभएको दरभाउपत्र फारामलाई मान्यता दिईने छैन।

१२. दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ।

११. यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा प्रदेश, संघ तथा स्थानीय तहको प्रचलित कानून बमोजिम हुनेछ।

नोट : यस सम्वन्धी विस्तृत जानकारीका लागि रौतामाई गा.पा.को कार्यालयमा सम्पर्क राख्न सकिनेछ, : सम्पर्क नं. ९८५२८५१०१६, ९८५२८३०३२५, ९८५२८३५६३१

| सि. नं. | दरभाउपत्र नं. | कार्यको विवरण | स्वीकृत ल.ई.रकम (भ्याट वाहेक) रु. | धरौटी रकम | खरिद तथा आपूर्ति | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | ५/०७६/७७ खानेपानी | विभिन्न साइजको एच.डि.पि.तथा जि.आई.पाईप, सप्लाई गर्ने कार्य (रौतामाई गा.पा., भुट्टार,उदयपुर सम्म) | १८,१३,०५५/४४ | ५४,०००/– | गुणस्तर प्रमाण चिन्ह प्राप्त उद्योग /निर्माता वा अधिकृत डिलर | रु.१०००/– |

२०७६।०९।०९

प्रमुख प्रशासकीय अधिकृत